राप्ती सोनारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके
५ नं. प्रदेश, नेपाल

प.सं. २०७६/७७ मितिः२०७६/०७/०६

च.नं. ४४४

श्री वडा कार्यालयहरु,
(१,२,३,४,५,६,७,८,९) सबै
राप्ती सोनारी गाउँपालिका, बाँके।

विषयः- बेरोजगार फारम पूर्ण गर्ने सम्बन्धमा।

रोजगारीकोको हक सम्वन्धि ऐन, २०७५ एवं नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिको रुपमा सुचिकृत भई न्युनतम रोजगारी कार्यक्रममा संलग्न हुन इच्छुक व्यक्तिहरुको लगत संकलन गर्ने कार्य गत आ.व. २०७५/७६ को चैत्र र बैशाख महिनामा भएको सबैलाई अवगत नै छ ।

न्युनतम रोजगारीमा खटाउन र मापदण्ड पुगेकालाई निर्वाह भत्ता वितरण गर्ने प्रयोजनका लागी रोजगार व्यवस्थान सूचना प्रणाली (EMIS) मा फारमको सम्पूर्ण विवरण इन्ट्री गर्नु पर्ने भएको तर रोजगार सेवा केन्द्रमा प्राप्त आवेदन फारमहरूमा उल्लेखित सम्पूर्ण विवरण अपूर्ण रहेको हुँदा अपूर्ण विवरण पुःन अध्यावधिक गर्नु पर्ने भएकोले १५ दिन भित्र विवरण पूर्ण गराउन तथा अपुग कागजात वडा कार्यालयहरुले सूचना प्रकाशित गरि भर्न/भराउन हुन अनुरोध छ।

**नोटः आवेदनकर्ताको नागरिकता को प्रतिलिपि, एक प्रति फोटो, परिवारका सबै सदस्यहरुको नाम, निवेदक संगको नाता, जन्म मिति, नागरिकता प्र.प.नं., जारी मिति, जारी जिल्ला, रोजगारीको अवस्था, वार्षिक पारिवारिक आय, लगायत सम्पूर्ण पारिवारिक विवरण पूर्ण नभएको खण्डमा EMIS Online दर्ता नहुने, तथा निवेदन स्वतः रद्ध हुने व्यहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।**

........................
बिरेन्द्र बहादुर माझी
प्रमुख प्रशासकीय अधिकृत

राप्ती सोनारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

**५ नं. प्रदेश, नेपाल**

प.सं. २०७६/७७ मिति:२०७६/०७/०६

च.नं.

राप्ती सोनारी गाउँपालिका बाँके २०७३

**न्युनतम रोजगारीमा संलग्न हुन फारम भरेका बेरोजगार व्यक्तिहरुलाई अपुग कागजात पेश गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना !**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ एवं नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिको रुपमा सुचिकृत भई न्युनतम रोजगारी कार्यक्रममा संलग्न हुन इच्छुक व्यक्तिहरुलाई **रोजगार व्यवस्थापन सूचना प्रणली (EMIS)** मा समावेश गर्नुपर्ने हुँदा न्युनतम रोजगारीमा संलग्न हुन गत आ.व. २०७५/०७६ मा आवेदन दिएका सम्पूर्ण व्यक्तिहरुले सम्बन्धित वडा कार्यालयमा गई यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र पारिवारिक विवरण अद्यावधिक गरिदिनहुन अनुरोध गरिन्छ । साथै **गत आ.व. २०७५/०७६ मा आवेदन दिएका सम्पूर्ण आवेदनहरु अपूर्ण रहेको व्यहोरा** समेत जानकारी गराइन्छ र फारम अद्यावधिक गर्दा फारमसगं निवेदकहरुले अनिवार्य रुपमा **नागरिकताको प्रतिलिपि र एक प्रति फोटो संलग्न राखी पारिवारिक विवरण (परिवारमा भएका सम्पूर्ण सदस्यको नाम, जन्म मिति, नागरिकता नं. र वार्षिक पारिवारिक आय)** लगायतका आवश्यक विवरणहरु अनिवार्य भर्नुपर्ने छ । यदि आवश्यक विवरण नभरेको खण्डमा EMIS मा Online दर्ता नहुने हुँदा अपूर्ण निवेदनहरु स्वत रद्ध हुने जानकारी समेत गराइन्छ ।

.............................

बिरेन्द्र बहादुर माझी

प्रमुख प्रशासकीय अधिकृत

बिरेन्द्र बहादुर माझी
प्रमुख प्रशासकीय अधीकृत